जानकारी: अमेरिकामा शरणार्थी पुनर्वास

अमेरिकाको पुनर्वास एक लामो--महिनौ वा वर्षौ लाग्ने--प्रक्रिया हो। पुनर्वास स्वेच्छिक हो। आफ्नो परिवारको लागि अमेरिका ठीक बेठीक छान्ने अधिकार शरणार्थीको हातमा हुन्छ। पुनर्वास प्रक्रिया नि:शुल्क हो तर, पुनर्वास हुन स्वीकृत भएपछि आवेदकले आफु र आफ्नो परिवारको टिकट भाडा तिर्ने एक प्रतिज्ञा पत्रमा सहि गर्नुपर्नेहुन्छ। यो रकम अमेरिका पुगेको केहि समय भित्र किस्तामा तिर्नुपर्ने हुन्छ।

अमेरिकाको पुनर्वास प्रक्रियामा विभिन्न संस्थाहरूले अन्तरवार्ता लिन्छन्। प्राय: आवेदकहरूले पहिले अन्तरवार्ता युएनएचसीआरलाई दिनु हुने छ। युएनएचसीआरले तपाईको आवेदनलाई अमेरिकी सरकार समक्ष राख्यो भने वैदेशिक प्रक्रिया नियोगका कर्मचारीले तपाईको अन्तरवार्ता लिनेछन्। यी कर्मचारी अमेरिकी विदेश मन्त्रालयका लागि काम गर्छन्। त्यसपछि, अमेरिकी होमल्याण्ड सिक्युरिटी मन्त्रालयका (डि एच एस) कर्मचारीले तपाईको अन्तरवार्ता लिनेछन्। तपाई हरेक अन्तरवार्तामा उपस्थित हुनुपर्छ। तपाईलाई अमेरिका प्रवेश गर्न चाहिने अनुमती डि एच एसले मात्रै दिनसक्छ। तपाईले यी सबै निकायलाई सहि-सहि जवाफ दिनुपर्छ। झुठो बोलेमा तपाईको प्रक्रिया रोकिन सक्छ। अमेरिका पुगेपछि प्रक्रियामा झुठो बोलेको खुलासा भएमा तपाई अप्ठ्यारोमा पर्नसक्नुहुन्छ। तपाईले दिनुभएको सबै जानकारीलाई गोप्य राखिनेछ र तपाईको प्रक्रिया पुरा गर्ने निकायहरूसित मात्र छलफल गरिनेछ। विभिन्न कारणवश डि एच एसले तपाईको केसमा तुरून्तै निर्णय लिंदैन।

तपाईको परिवारको कुनै जानकारी, जस्तै—नेपालमा तपाईको कानूनी हैसियतको परिवर्तन, पारिवारिक संख्यामा परिवर्तन जस्तै जन्म, मृत्यु, विवाह र पारपाचुके—तपाईले युएनएचसीआरलाई वा वैदेशिक प्रक्रिया नियोगलाई दिनुहोला। यदि तपाई पक्रिया आवधिमा भूटान जानुभएको भए उक्त निकायलाई तुरून्तै जानकारी गराउनुहोला। यदि तपाई आफ्नो केसलाई निष्क्रिय बनाउन चाहनुहुन्छ भने युएनएचसीआर वा वैदेशिक प्रक्रिया नियोगलाई जानकारी गराउनुहोस्।

डि एच एसले तपाईको आवेदनलाई स्वीकृत गरेपछि आई ओ ऐमका डाक्टरले तपाईको स्वास्थ्य परिक्षण गर्नेछन्। क्षयरोग जस्ता रोगहरू तपाईमा फेला परेमा निको नहुन्जेल तपाईको प्रस्थान हुनेछैन। सफल उपचारपछि तपाई अमेरिका जानुहुनेछ। तपाईले आई ओ ऐमका डाक्टरले सोधेका प्रश्नका सहि जवाफ दिन जरूरी छ। यस जानकारीले तपाईको लागि सहि उपचार गर्न, पुनर्वास गराउन उपयुक्त ठाँउ खोज्न र त्यहाँ पुगे पश्चातको उपचार दिन मद्दत गर्छ।

पुनर्वास प्रक्रियामा आवेदन हाल्नका लागि अमेरिकामा तपाईको नातेदार हुन आवश्यक छैन। यदि नातेदार अमेरिकामा छन् र तपाई त्यहीं जान चहानुहुन्छभने आई ओ ऐमलाई भन्नुहोस् किनकि यो जानकारी तपाईको गन्तव्य तय गर्न महत्वपुर्ण हुन्छ। पक्का नभए पनि, सकेसम्म तपाईलाई नातेदार भएकै शहरमा लाने कोशिश गरिनेछ। याद राख्नुहोस्: अमेरिकामा बहु-बिवाह गैर-कानुनी हो।

अमेरिकामा हरेक शरणार्थी परिवारलाई सहयोग गर्ने गैर-सरकारी संस्थाहरू छन्। तपाईले शुरूमा अतिआवश्यक सहयोग जस्तै डेरा, टेबुल-कुर्सी, खाट, र भाँडाकुँडा पाउनुहुनेछ। कतिपय सामानहरू प्रयोग गरिएका वा सस्ता हुनेछन्। तर सबै सामान सफा र राम्रो अवस्थामा हुनेछन्।

तपाई र तपाईको पुनर्वास संस्थाले मिलेर बनाएको पुनर्वास योजानामा तपाई सहमत भइदिनुहोला। संस्थाले तपाईलाई जागिर खोज्न मद्दत गर्नेछ तर जागिर पाउन समय लाग्न सक्छ। तपाईको पहिलो जागिर आफ्नो पुरानो मुलुकको जागिरको स्तरको नहुने सम्भावना बढी छ। यो निम्न स्तरको अस्थायी जागीर हुने सम्भावना बढी छ। सरकारी सहयोग र दैनिक खर्च अमेरिकामा शहर-पिच्छे फरक छन्। त्यसैले अरू राज्यमा बसेका शरणार्थीले पाउने सहयोग र तपाईले पाउने सहयोग एउटै हुँदैन। सार्वजनिक यातायातको सुविधा प्रायः अमेरिकी शहरमा राम्रो छ। पुनर्वास प्रक्रिया मार्फत तपाईलाई गाडी दिइँदैन।

अमेरिकाको जीवन बारे थप जानकारी

शरणार्थीको रूपमा अमेरिका प्रवेश गरेपछि तपाईंले अमेरिकाको स्थायी वासिन्दा र पछि गएर नागरिकताको लागि आवेदन गर्न पाउनुहुन्छ। अमेरिकामा पुनर्वास गर्ने निर्णयले तपाईंको स्वदेश फिर्तीको सम्भावनालाई कहिले पनि समाप्त गर्दैन तर त्यसले तपाईंको अमेरिकाको कानुनी हैसियतमा भने असर पार्न सक्छ।

अमेरिका तीस करोड भन्दा बढि मानिसहरू बस्ने विविधताले भरिपूर्ण देश हो। जातीय समुदायहरू भए तापनि अधिकांश अमेरिकीहरू मिश्रित समुदायमा बसोबास गर्छन्। तपाईंका छिमेकि, सहकर्मी र स्कूलका साथीहरू विभिन्न जात, धर्म, सम्प्रदाय र जीवनशैलीका हुन सक्छन्।

शरणार्थीको अमेरिकामा बसोबास गर्ने अरु सरह समान अधिकार हुन्छ। यी अधिकारमा बोल्ने, चाहेको धर्म मान्ने, भेला हुने, हिँडडुल गर्ने आदि स्वतन्त्रता पर्छन्। कसैलाई पनि कुनै विचार व्यक्त गर्नाले, आफ्नो धर्म मान्नाले वा साथीभाइ भेट्नाले पक्रन वा थुन्न पाइँदैन।

अमेरिकीहरू आत्मनिर्भरता र परिश्रमलाई महत्वपूर्ण ठान्छन्। नवआगन्तुकहरूले सकेसम्म चाँडो काम गर्न थाल्छन् र आफू र आफ्नो परिवारको जिम्मेवारी लिन्छन् भन्ने अपेक्षा उनीहरूले

गर्छन्। प्रायजसो नगद वा अन्य सरकारी सहयोगले मात्र परिवार धान्न पुग्दैन। अमेरिकामा सफल हुनको लागि अंग्रेजी जान्न महत्वपूर्ण हुन्छ। अंग्रेजी नजाने पनि तपाईंले काम पाउन सक्नुहुन्छ, तर तपाईंका रोजगारीका अवसरहरू सिमित हुन्छन्। अंग्रेजी सिक्ने मौका प्राय सबै ठाउँमा पाउनुहुनेछ, तर तपाईंले काम पनि गर्नुहुन्छ भन्ने अपेक्षा गरिएको हुन्छ।

कक्षा किन्डरगार्डेन देखि १२ सम्मको शिक्षा सरकारी स्कुलमा नि:शुल्क पाइन्छ। निजी स्कुलहरूपनि हुन्छन्, तर धेरैजसो निजी स्कुलहरू महँगा हुन्छन् र धार्मिक संस्थासित जोडिएका हुन्छन्। विश्वविद्यालयको खर्च भारी हुन्छ। विश्वविद्यालयमा विद्यार्थी पढ्दै काम पनि गर्छन्, छात्रबृत्तिका लागि पनि निवेदन दिन्छन, र पढाई सकिएपछि तिर्ने खालका ऋणपनि लिन्छन्।

शरणार्थीहरूले अमेरिकामा ८ महिना सम्म सरकारी स्वास्थ्य बीमा पाउँछन्। निजी स्वास्थ्य बीमा महँगो हुन्छ। साधारणतया स्वास्थ्य बीमाको खर्च तिर्ने जिम्मेवारी हरेक मानिसको हो, सरकारको होइन। स्वास्थ्य बीमा नभएको खण्डमा तपाईलाई आकस्मिक सेवा पाउनबाट रोक्न सकिंदैन। धेरैजसो अमेरिकनहरूको बीमाको केहि अंश उनीहरूको रोजगारदाताहरूले तिर्छन्। धेरै स्वास्थ्य सम्बन्धी नयाँ नियमहरू कार्यन्वयन भएका छैनन्।

अमेरिकामा पुनर्वास भएका धेरै शरणार्थीलाई समायोजनमा पर्ने ठूला कठिनाइ मध्ये एउटा कठिनाइ परम्परागत पारिवारिक भुमिकामा हुने परिवर्तन हो। धेरै परिवारमा श्रीमान् र श्रीमती दुवैले काम गर्न पर्ने हुन्छ। प्रायजसो आमाबुवाले भन्दा केटाकेटीले छिटो अंग्रेजी सिक्छन् र नयाँ समाजमा फटाफट भिज्छन्। यस्ता र अन्य परिवर्तनको सामना गर्ने तरिका व्यक्ति पिच्छे फरक पर्छ र यस्ले व्यक्ति र परिवारमा उलेख्य तनाव निम्त्याउँछ। पुनर्वासको रोचक तर कहिलेकाहिँ गाह्रो दौरानमा तपाईंले आफ्नो पुनर्वास संस्थासँग सहयोग माग्नु पर्छ। विगत ३५ वर्षमा तीस लाख शरणार्थीहरू अमेरिका आएका छन्। नयाँ देशमा पुनर्वास चुनौतिपूर्ण हुन्छ, तर प्राय सबै शरणार्थीहरूले आफू र आफ्नो परिवारको निम्ति नयाँ अवसरहरू भेट्टाएका छन् र नयाँ समुदायमा सफलतापूर्वक भिजेका छन्।